# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं आश्विन २६ गते २०१० साल

## भाग २

## अर्थमन्त्रालय आय विभागको सूचना

नेपाल सरकार टचारीफ बोर्डको कार्यक्षेत्र, कार्यप्रणाली र सदस्यहरू मनोनीत गर्नेबारे पोहर सालको सदस्यहरूमा हेरफेर गरी देहायबमोजिम गर्ने गरी श्री माननीय प्रधान मन्त्रिज्यूबाट ०१०।६।१८ मा मेमो सदर गरिदिनुभएकोले यो सूचना प्रकाश गरिएको छ।

(१) बोर्डका सदस्यहरू

(क) सरकारी

(१) योजना विकाश मन्त्रायलका सेक्रेटरी स. भीमबहादुर पाँडे (सभापति)

(२) उद्योग वाणिज्य, खाद्य, सिभिलसप्लाइज मन्त्रायलका सेक्रेटरी नीरराज राजभण्डारी बा डे. से.।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

909

(३) अर्थ करेन्सी विभागका डेपुटी सेक्रेटरी परीक्षितनरसिंह राणा
(४) अर्थ आय—विभागका असिष्टेण्ट सेक्रेटरी रामप्रसाद जोशी ( सदस्य तथा सेक्रेटरी)
(५) का. गो. भन्सारका हाकिम सु. मधुवनप्रसाद

(ख) गैर सरकारी

(१) विराटनगरका महाजनहरूका प्रतिनिधि।
(२) वीरगन्जका ,, ,,
(३) महोत्तरीका ,, ,,
(४) बुटोल भैरहवाका ,, ,,
(५) काठमाडौंका ,, ,,
(६) ललितपुरका ,, ,,

उक्त प्रतिनिधिहरू गोस्वारा तथा कमिश्नर अफिसबाट सिफारिस भई आएबमोजिम मनोनित हुनेछन् । अर्को पटक टचारीफ बोर्ड गठन हुँदा महोत्तरी र बुटोल भैरहवाका प्रतिनिधिहरूको स्थानमा सप्तरी र नेपालगन्जका प्रतिनिधिहरू रहनेछन् र यसै गरी अर्को अर्को पटक गठन गर्दा उक्त जिल्लाहरूका प्रतिनिधिहरू पालो पालो गरी राखिनेछन् ।

(२) बोर्डको कार्यक्षेत्र

(क) यसले विभिन्न व्यक्ति, संस्था वा अड्डाखानाहरूबाट पेश भएको भन्सार महसूल वा अन्तःशुल्क घटबढ गर्ने प्रस्तावहरूमा विचार गरेर आफ्नो सुझाव प्रस्तुत गर्नेछ। यसले आफ्नै तरफबाट पनि यस किसिमको सुझाव प्रस्तुत गर्न सक्तछ।
(ख) यसले उद्योग धन्दा वा व्यवसायको उन्नतिको निमित्त संरक्षण, कर वा भन्सार—सुविधाको मागहरू पेश भएकोमा आफ्नो सुझाव दिनेछ । संरक्षण कर वा सरकारबाट भंसार–सुविधा पाएका उद्योग व्यवसाय वा व्यक्तिले अनुचित फाइदा

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

उठाउन नपाउने व्यवस्था गर्न जो चाहिने सल्लाह यसले सरकारलाई दिनेछ। संरक्षणकरबाट मालको मोल बढ्न गै अनुचित बोझ जनतामाथि नपरोस् भन्ने यो बोर्डले विचार राख्नेछ।

(३) बोर्डको कार्यप्रणाली

यो बोर्डको बैठकको निमित्त कोरम पुऱ्याउन कमसेकम ५ सदस्य उपस्थित हुनुपर्छ, जसमा कमसेकम २ गैरसरकारी सदस्य हुनुपर्छ। बोर्डको मिटिङ्गमा मेम्बरहरूको राय फाटेमा कुराको निर्णय हाजिर रहेर भोट दिनेहरूको बहुमत भोटबाट निर्णय हुनेछ। पक्ष विपक्ष भोट बराबर भएमा सभापतिले आफ्नो कास्टीङ्ग भोटको प्रयोग गर्नेछ। बोर्डले कुनै कुरामा आफ्नो निर्णय दिन चाहिएको कागजपत्र वा सरकारी वा गैर सरकारी व्यक्तिहरूलाई मिटिङ्गमा झिकाउन पाउनेछ।

(४) गैर सरकारी सदस्यहरूको फी

तराईबाट आएका गैर सरकारी सदस्यहरूलाई मिटिङ्ग सुरु हुने दिनको ५ दिन अगाडिदेखि मिटिङ्ग खतम भएको ५ दिन पछाडिसम्म दिनको मोरू १०।- का दरले फी दिइनेछ र भ्रमण भत्ताको रुलबमोजिम फष्टक्लास भाडादिने। सदरका गैर सरकारी सदस्यहरूलाई मिटिङ्ग भए भएका दिनमा जनही मोरू १०।- दरले फी दिइनेछ।

नेपाल सरकार ट्यारिफ बोर्डको यो वर्ष हुने दोस्रो अधिवेशन सक्भर चाँडै गर्नुपरेको हुनाले अड्डाखाना मन्त्रालयहरू तथा सर्वसाधारण जनता मिल उद्योगहरू र व्यापारीवर्ग वा संस्थाहरूको उक्त बोर्डमा पेश गर्नुपर्ने केही कुरा भए प्रमाण सहितको आफ्नो सुझाव यथाशीघ्र सेक्रेटरी, नेपाल सरकार ट्यारिफबोर्ड, अर्थमन्त्रालय, सिंहदरबारमा पठाउनुहोला।

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

विराटनगर , महोत्तरी, वीरगञ्ज, भैरहवा गोस्वाराहरू र उपत्यकाञ्चल कमिश्नर आफिसले स्थानीय व्यापारीवर्ग संस्थाहरुसँग सरसल्लाह गरी उपरोक्त दफा १ (ख) बमोजिमका प्रतिनिधिहरू सिफारिश गरी आगामी कार्तिक १० गतेसम्ममा अर्थमन्त्रालयमा पठाउनुहोला।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी,—अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि